नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

आज मिति २०८२ भाद्र ४ गते माननीय रक्षा मन्त्री श्री मानवीर राईको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्‌को सचिवालय, नेपाली सेना र सो अन्तर्गत विभिन्न निकायबाट आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो।

समीक्षा बैठकमा निर्देशन मन्तव्य राख्नुहुँदै माननीय मन्त्री श्री मानवीर राईले गत आ.व. २०८१/८२ मा रक्षा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश आयोजना तथा कार्यक्रमहरूको प्रगति लक्ष्यबमोजिम हासिल भएकोमा सन्तोष व्यक्त गर्नुभयो। नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माण आयोजनाको प्रगति विविध कारणले लक्ष्यभन्दा केही कम हुन गएकोमा आगामी दिनमा ती कमी कमजोरीहरूलाई दोहोरिन नदिई निर्धारित लक्ष्य प्राप्त हुने गरी कार्य गर्न उहाँले सबैलाई निर्देशन दिनुभयो। नेपाली सेनाले जिम्मेवारी पाएको विभिन्न चारवटा राष्ट्रिय करिडोर अन्तर्गत निर्धारित खण्डको निर्माण समयमै सम्पन्न भई सत प्रतिशत भौतिक प्रगति भएकोमा खुसी व्यक्त गर्दै उहाँले नेपाली सेनाले मुलुकको विकास निर्माण तथा विपद् व्यवस्थापनका क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको कुरा बताउनुभयो। कतिपय राष्ट्रिय करिडोरमा नेपाली सेनालाई विनियोजित बजेट कम भएकोले दिइएको जिम्मेवारी पूरा गर्न लामो समय लाग्ने गरेको सन्दर्भमा त्यस्ता आयोजनाहरूमा पर्याप्त बजेट विनियोजन हुनसके समयमै काम सम्पन्न हुनसक्ने हुँदा यसतर्फ ध्यान दिन उहाँले सम्बन्धित मन्त्रालयलाई आग्रह गर्नुभयो। द्रुतमार्गको निर्माणलाई गति दिन सम्बन्धित सरोकारवालासँग छलफल र समन्वय गर्दै अघि बढ्न आवश्यक रहेको कुरा उहाँले बताउनुभयो। काम गर्दा बेरुजु कम हुनेगरी खर्च गर्न र देखिएको बेरुजुलाई तदारुकताका साथ फछ्र्यौट गर्न उहाँले निर्देशन दिनुभयो।

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. शिवराज अधिकारीले मन्त्रालय र अन्तर्गत सञ्चालित धेरैजसो आयोजनामा राम्रो प्रगति देखिए पनि राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनामा कम प्रगति हासिल भएकोमा त्यसलाई आगामी दिनमा सुधार गर्दै अघि बढ्न निर्देशन दिनुभयो। प्रगति विवरण पेस गर्दा आयोजना कार्यान्वयनमा देखिएका समस्याहरू, के कारणले आयोजनामा प्रगति हुन सकेन ती कुराहरू र सोका समाधानका लागि विकल्पसहितको सुझाव पनि विस्तृत रूपमा खुलाई पेस गर्ने

नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

व्यवस्था मिलाउन सके यसबाट आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग पुग्ने हुँदा आगामी दिनमा यस विषयलाई ध्यानमा राखी प्रस्तुतीकरण गर्ने व्यवस्था मिलाउन आग्रह गर्नुभयो। यसको लागि राष्ट्रिय योजना आयोगले आगामी दिनमा समीक्षा बैठकको प्रस्तुतीकरणको ढाँचामा सुधार गर्न लागेको कुरा पनि बताउनुभयो। सरकारले परियोजना बैङ्कमा प्रविष्टि गरिएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने नीति लिएको हुँदा आगामी दिनमा मन्त्रालय अन्तर्गत सञ्चालनमा ल्याइने आयोजनाहरूलाई परियोजना बैङ्कमा समावेश गर्न उहाँले आग्रह गर्नुभयो।

बैठकमा नेपाली सेनाका प्रधान सेनापति श्री अशोकराज सिग्देलले गत आर्थिक वर्षमा नेपाली सेनालाई जिम्मेवारी दिइएको सबै क्षेत्रमा सन्तोषजनक प्रगति हासिल भएको र केही आयोजनामा कम प्रगति हासिल भएकोमा आगामी दिनमा विगतका कमी कमजोरीलाई दोहोरिन नदिई निर्धारित लक्ष्य हासिल गर्न नेपाली सेना प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो।

रक्षा मन्त्रालयका सचिव श्री रामेश्वर दंगालले गत आर्थिक वर्षमा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश कार्यक्रम तथा विकास आयोजनाहरूको प्रगति सन्तोषजनक रहेको तथा पूँजीगत खर्च पनि राष्ट्रिय औसतकै हाराहारीमा रहेको कुरा बताउँदै आगामी दिनमा अझ बढी पूँजीगत खर्च हुनेगरी कार्य गर्न आयोजना प्रमुखहरूलाई निर्देशन दिनुभयो। मन्त्रालयको पूँजीगत खर्च गर्नसक्ने क्षमतालाई दृष्टिगत गरी आगामी दिनमा बजेट विनियोजन हुनसके अहिलेभन्दा बढी प्रगति देखिने गरी काम गर्न सकिने कुरा व्यक्त गर्नुभयो। हाल नेपाली सेनालाई जिम्मेवारी दिइएका कतिपय सडक आयोजनाहरूमा न्यून बजेटको कारण नेपाली सेनाको जनशक्ति र उपकरणको क्षमताभन्दा कम उपयोग भइरहेकोले रणनैतिक महत्त्वका सडक तथा विकास आयोजनाहरूमा पर्याप्त बजेट व्यवस्था गरी नेपाली सेनाको क्षमता र उपकरणको पूर्ण उपयोग गर्न आवश्यक रहेको कुरा औंल्याउनुभयो। उहाँले काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न द्रुतमार्गको सुरु बिन्दु खोकना क्षेत्रको जग्गा अधिग्रहण र मुआब्जा वितरणसम्बन्धी समस्यालाई यथाशीघ्र सम्बन्धित सबैको सहयोगमा टुङ्ग्याउन आवश्यक रहेको कुरा समीक्षा बैठकमा राख्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति लगायतका निकायका प्रतिनिधिहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

कार्यक्रममा रक्षा मन्त्रालयका सहसचिव श्री ज्ञानेन्द्र पौडेलले मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेना अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक तथा वार्षिक अवधिमा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रममा भएको प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्या लगायतका विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो।

गत आर्थिक वर्षमा नेपाली सेना अन्तर्गत सञ्चालित विभिन्न ८ वटा आयोजनाहरूमध्ये विभिन्न चारवटा राष्ट्रिय कोरिडर आयोजनासहित ७ वटा आयोजनाको भौतिक प्रगति सत प्रतिशत रहेको छ। काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको गत आर्थिक वर्षको वार्षिक भौतिक प्रगति ६७.५% तथा हालसम्मको समष्टिगत भौतिक प्रगति ४२.१३% तथा वित्तीय प्रगति ४४% रहेको छ। गत आर्थिक वर्षमा मन्त्रालय र अन्तर्गत निकायलाई चालु र पूँजीगततर्फ गरी कुल रु. ६० अर्ब ९२ करोड ८३ लाख बजेट विनियोजन भएकोमा रु. ५८ अर्ब ४५ करोड २९ लाख खर्च भई ९५.९४% वित्तीय प्रगति भएको छ। जसमा पूँजीगततर्फ ५९.७१% र चालुतर्फ ९९.८५% प्रगति रहेको छ। गत आर्थिक वर्षमा मन्त्रालय र अन्तर्गत निकायको कुल बेरुजु ३ अर्ब ४५ करोड रहेकोमा सोको ६१% बेरुजु फछ्र्यौट भएको छ।

आजै माननीय रक्षा मन्त्री श्री मानवीर राई र रक्षा मन्त्रालयका सचिव श्री रामेश्वर दंगालबीच तथा रक्षा मन्त्रालयका सचिव र नेपाली सेनाका प्रधान सेनापति श्री अशोकराज सिग्देलबीच आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिने मुख्यमुख्य कार्यहरूलाई समेटी तयार गरिएको कार्यसम्पादन सम्पादन सम्झौतामा समेत हस्ताक्षर भएको छ। हस्ताक्षर कार्यक्रममा माननीय मन्त्रीज्यूले कार्यसम्पादन सम्झौतामा उल्लेख भएबमोजिम निर्धारित समय र लागतमै काम हुनेगरी चालु आर्थिक वर्षमा कार्य सम्पादन गर्न सबैलाई निर्देशन दिनुभयो।

२०८२ भाद्र ४

(मनोजकुमार आचार्य)
सहसचिव एवं प्रवक्ता